३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ मा भएको व्यवस्था अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा बैंकको लेखापरीक्षण समितिमा प्राप्त प्रस्तावहरु मध्येवाट छनौट गर्ने सन्दर्भमा विकास बैंकको लेखापरीक्षण समितिको मिति २०८१/०९/२६ मा वसेको बैठकले श्री श्याम कार्की एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टस्लाई नियुक्तिको लागि सिफारिस गरेकोमा उक्त कम्पनीवाट प्रस्तावित लेखापरीक्षण शुल्क अन्य प्रस्तावकहरुको तुलनामा न्यून पर्ने देखिएको, विभिन्न बैंक तथा विकास बैंकहरुको वाह्य लेखापरीक्षकको रुपमा कार्य अनुभव रहेको, कम्पनीको साख:, समेतका आधारमा मुल्याङ्कन गरी आ.ब. २०८१/८२ को लेखापरीक्षण (बाह्य लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्ग फर्म अडिट, कम्पनी ऐन २०६३ को दफा ७८ प्रमाणिकरण तथा धितोपत्र बोर्डको संस्थागत सुशासन प्रतिवेदन प्रमाणिकरण) सम्पन्न गर्न लेखापरीक्षणका क्रममा हुने भ्रमण खर्च, खान बस्न खर्च र मु.अ.कर समेत गरी कुल रु.२०,००,०००/- (अक्षरेपी बीस लाख मात्र) मा श्री श्याम कार्की एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टस्लाई आ.व. २०८१/८२ को लागि वाह्य लेखापरीक्षकको रुपमा नियुक्त गर्ने प्रस्ताव पारित गरियो ।

४) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०८०/८१ को मुनाफा तथा सञ्चित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजीको ४ प्रतिशतका दरले हुन आउने रकम रु. १४,०७,२५,३६५.५१ (अक्षरेपी चौध करोड सात लाख पच्चीस हजार तीन सय पैसट्ठी रुपैया र पैसा एकावन्न मात्र) बोनश शेयर र नगद लाभांशमा लाग्ने कर प्रयोजनार्थ समेत गरी नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव पारित गरियो ।

५) कम्पनी ऐन २०६३ बमोजिम बैंकमा रिक्त रहेको स्वतन्त्र सञ्चालक पदमा मिति २०८०/११/३० मा गरिएको श्री जयदेव श्रेष्ठज्यूको नियुक्तीलाई अनुमोदन गर्ने प्रस्ताव पारित गरियो ।

**ख) बिशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०८०/८१ को मुनाफा तथा सञ्चित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजीको ३ प्रतिशतका दरले हुन आउने रकम रु. १०,५५,४४,०२४.१३ (अक्षरेपी दश करोड पचपन्न लाख चवालीस हजार चौविस रुपैया र पैसा तेह्र मात्र) बराबरको वोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियो ।

२) विकास बैंकको जारी तथा चुक्ता पूँजी रु. ३,५१,८१,३४,१३७.७७ (अक्षरेपी तीन अर्व एकावन्न करोड एकासी लाख चौतिस हजार एक सय सैतीस रुपैंया र पैसा सतहत्तर मात्र) रहेकोमा वोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु ३,६२,३६,७८,१६१.९० (अक्षरेपी तीन अर्व बैसट्ठी करोड छत्तीस लाख अठहत्तर हजार एक सय एकसट्ठी रुपैंया र पैसा नब्बे मात्र) पुर्‍याउने विशेष प्रस्ताव पारित गरियो ।

३) वोनस शेयर जारी पछि कायम हुने जारी तथा चुक्ता पूँजी वमोजिम यस विकास बैंकको प्रबन्धपत्रको दफा ५ को (ख) र (ग) मा आवश्यक संशोधन गर्ने । यस सम्बन्धमा नियमनकारी निकायहरुवाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने विशेष प्रस्ताव पारित गरियो ।

४) सञ्चालकहरुको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धमा नियमावलीको नियम २९(१)(ख), र नियम २९(घ) मा आवश्यक संसोधन गरी नियम २९ १ (ख) सञ्चालक समितिको बैंठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैंठक क्रमशः रु. १५,०००।- (

Lumbini Bikas Bank Limited
Head Office

